फोन नं ०४६-४१०००८
०४६-४१०००९

# बागमती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल

प.स. २०८२।०८३
च.नं.

मिति : २०८२।०५।०६

**बिषय : सूचना संशोधन सहित म्याद थप गरिएको सम्वन्धमा ।**

प्रस्तुत विषयमा यस बागमती नगरपालिकाले आन्तरीक आय ठेक्का सम्वन्धी मिति २०८२।०४।०९ गते प्रथम पटक प्रकाशन गरेको सूचनामा उल्लेख भए अनुसार ठेक्का नं आय ७/२०८२/०८३, (बागमती माछापोखरी तथा बगैचा पर्यटन क्षेत्र अन्तर्गत बोट लगायतका जल यातायत सञ्चालन र पार्कीङ्ग) को हकमा तपसिल बमोजिमको व्यहोराहरु संशोधन गरी सूचनाको अन्तिम म्याद देखि लागु हुनेगरी थप १५ दिनको म्याद थप गरिएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

१, न्यूनतम कबोल रकम भएकोमा उक्त रकमलाई न्यूनतम कबोल रकम मु. अ. कर बाहेक गरिएको ।

२, मिति २०८२।०४।०९ गतेको सूचनामा उल्लेख भए अनुसार मिति २०८२।०५।०७ गते सम्म खरिद गर्ने अन्तिम मिति र दाखिला गर्ने अन्तिम मिति २०८२।०५।०८ गते देखि लागु हुने गरी थप १५ दिनको म्याद थप गरिएको ।

३, बोलपत्र जमानत बापतको धरौटी रकम रु २०,००,०००। (बीस लाख) मात्र।

२०८२।०५।०६

(प्रतीत भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत

प्रतीत भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

Website: www.bagmatimunsarlahi.gov.np, Email: bagmatimun@gmail.com,
ito.bagmatimunsarlahi@gmail.com

CamScanner

तालिका :

| ठेक्काको नाम | प्रति वर्ष राजश्व रकम दाखिला गर्नुपर्ने तालिका | | | | |
|---|---|---|---|---|---|
| | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | २०८६।०८७ |
| आय/ ५/२०८२/०८३ वडा नं -३ मा अवस्थित नगर आँप बगैचा जग्गा सहित ( ५ वर्षको लागि) | १, कुल कबोल रकमलाई ५ ले भाग गरी यस वर्षको कबोल अंक कायम हुने । २, सम्झौताका वखत उक्त रकमको ५० प्रतिशत नगदै जम्मा गर्नुपर्ने । ३, यस बर्षको लागि कायम भएको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिनेछ । | १, कुल कबोल रकमलाई ५ ले भाग गरी यस बर्षको कबोल अंक कायम हुने । २, आ. व. को सुरु महिनाको अन्त सम्ममा उक्त रकमको ५० प्रतिशत नगदै जम्मा गर्नुपर्ने । ३, यस बर्षको लागि कायम भएको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिनेछ । | १, कुल कबोल रकमलाई ५ ले भाग गरी यस बर्षको कबोल अंक कायम हुने । २, आ. व. को सुरु महिनाको अन्त सम्ममा उक्त रकमको ५० प्रतिशत नगदै जम्मा गर्नुपर्ने । ३, यस बर्षको लागि कायम भएको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिनेछ । | १, कुल कबोल रकमलाई ५ ले भाग गरी यस बर्षको कबोल अंक कायम हुने । २, आ. व. को सुरु महिनाको अन्त सम्ममा उक्त रकमको ५० प्रतिशत नगदै जम्मा गर्नुपर्ने । ३, यस बर्षको लागि कायम भएको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिनेछ । | १, कुल कबोल रकमलाई ५ ले भाग गरी यस बर्षको कबोल अंक कायम हुने । २, आ. व. को सुरु महिनाको अन्त सम्ममा उक्त रकमको ५० प्रतिशत नगदै जम्मा गर्नुपर्ने । ३, यस बर्षको लागि कायम भएको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिनेछ । |
| आय/६/ २०८२/०८३ (वडा नं -४ र १२ मा अवस्थित नगर आँप बगैचा जग्गा सहित ( ५ बर्षको लागि) | १, कुल कबोल रकमलाई ५ ले भाग गरी यस वर्षको कबोल अंक कायम हुने । २, सम्झौताका वखत उक्त रकमको ५० प्रतिशत नगदै जम्मा गर्नुपर्ने । ३, यस बर्षको लागि कायम भएको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिनेछ । | १, कुल कबोल रकमलाई ५ ले भाग गरी यस बर्षको कबोल अंक कायम हुने । २, आ. व. को सुरु महिनाको अन्त सम्ममा उक्त रकमको ५० प्रतिशत नगदै जम्मा गर्नुपर्ने । ३, यस बर्षको लागि कायम भएको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिनेछ । | १, कुल कबोल रकमलाई ५ ले भाग गरी यस बर्षको कबोल अंक कायम हुने । २, आ. व. को सुरु महिनाको अन्त सम्ममा उक्त रकमको ५० प्रतिशत नगदै जम्मा गर्नुपर्ने । ३, यस बर्षको लागि कायम भएको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिनेछ । | १, कुल कबोल रकमलाई ५ ले भाग गरी यस बर्षको कबोल अंक कायम हुने । २, आ. व. को सुरु महिनाको अन्त सम्ममा उक्त रकमको ५० प्रतिशत नगदै जम्मा गर्नुपर्ने । ३, यस बर्षको लागि कायम भएको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिनेछ । | १, कुल कबोल रकमलाई ५ ले भाग गरी यस बर्षको कबोल अंक कायम हुने । २, आ. व. को सुरु महिनाको अन्त सम्ममा उक्त रकमको ५० प्रतिशत नगदै जम्मा गर्नुपर्ने । ३, यस बर्षको लागि कायम भएको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिनेछ । |

४. दररेट शर्तहरुलाई पालना गर्ने गरी रीतपूर्वक भरी शिलवन्दी गरी बोलपत्र फारम १६ औं दिनको १२:०० बजेसम्म यस वागमती नगरपालिकामा दर्ता गरी सक्नु पर्नेछ ।

५. रीतपूर्वक दर्ता आएका गोप्य शिलवन्दी टेण्डर फारमहरु १६ औं दिनका २:०० बजे बोलपत्रदाता स्वयम वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। प्रतिनिधिको उपस्थिति नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

६. शिलवन्दी वोलपत्र फारममा आफूले कवोल गरिएको रकम अंक र अक्षरमा स्पष्ट बुझ्ने गरी लेखु पर्ने छ ।

७. बन्द, हडताल लगायत गाउँलेहरुले ठेक्का चलन वा गर्न नदिएको जस्ता जुनसुकै कारणबाट ठेकेदारलाई क्षति पुग्न गएमा सम्वन्धित ठेकेदार नै जिम्मेवार हुनुपर्नेछ र त्यस बापत यस कार्यालयबाट कुनै पनि क्षति पुर्ति तथा मिनहा दाबि गर्न पाउने छैन ।

८. नगर आँप बगैचा सम्वन्धी सम्पूर्ण कार्यहरु कार्यालयबाट स्वीकृत TOR अनुसारको हुनेछ ।

९. वोलपत्र स्वीकृत भई कायदिश दिई सकेपछि बगैंचाको सुरक्षाको आवश्यक व्यवस्था ठेक्केदार स्वयंले मिलाउनु पर्नेछ ।

१०. बोलपत्र खरिद गर्दा वा दर्ता गर्दा बोलपत्रदाताले यस कार्यालयमा सम्पर्क राखि स्थलगत रुपमा आँप बगैचा हेरी राम्रो सँग बुझि बोलपत्र फारम खरिद गरिएको वा दर्ता गरिएको मानिनेछ ।

११. फल टिप्ने वा अन्य कार्यको क्रममा आँपको बोट बिरुवाहरुमा कुनै किसिमको हानी नोक्सानी गर्न पाइनै छैन। हानी नोक्सानी हुन गएमा कार्यालयले गरेको मूल्याङ्कन बमोजिमको क्षतिपुर्ति ठेक्केदारले व्यहोर्नु पर्नेछ ।

१२. आँप बगैचा क्षेत्रको जग्गामा अन्तरवाली कृषि कार्य गर्नको लागि यस कार्यालयको पूर्व स्वीकृति लिनुपर्नेछ ।

१३. बोलपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन।बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयलाई हुनेछ ।

१४. यसमा उल्लिखित नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१५. कुनै कर वा दस्तुर लाग्ने भएमा बोलपत्रदाता वा ठेक्केदारले स्वयनै सम्वन्धित निकायमा दाखिला गर्नुपर्नेछ ।

१६. यस सम्वन्धी अन्य कुनै जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

CS Scanned with CamScanner

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही/मधेश प्रदेश

# आन्तरिक आयको ठेक्का सम्वन्धी शिलबन्दी बोलपत्रको सूचना

## (दोस्रो पटक प्रकाशित मिति: (२०८२।०५।०६)

यस कार्यालयको आ. व. २०८२।०८३ को नगरसभाबाट यस नगरपालिका अन्तरगत देहाय बमोजिम आर्थिक बर्ष २०८२/०८३ देखि आर्थिक बर्ष २०८६/२०८७ (पाँच बर्ष) सम्मका लागि देहाय बमोजिमको आन्तरिक आय सम्वन्धी ठेक्का बन्दोवस्त गरी राजश्व संकलन गर्ने निर्णय भएकोले इच्छुक संघ/संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्वर प्रमाणपत्रको प्रतिलिपि आ. व. २०८०।०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी रु ३०००।(तीन हजार मात्र, फिर्ता नहुने गरी) राजश्व शाखामा बुझाई न्यूनतम कबोल रकम बढावढ हुने गरी शिलबन्दी बोलपत्र सूचना प्रकाशित गरिएका छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बोलपत्र फारम लिई १६ (सोह्रौं) औ दिन दिनको १२:०० बजेभित्र पेश गर्नुहुन र सोहिदिन दिनको २:०० बजे बोलपत्र खोलिने यसै सूचना द्वारा जानकारी गराइन्छ । बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगतै कार्यालय खुलेको दिन हुनेछ ।

| सि.नं. | ठेक्का नं | ठेक्काको नाम | न्यूनतम कबोल रकम | धरौटी रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | आय/ ५/२०८२/०८३ | वडा नं -३ मा अवस्थित नगर आँप बगैचा जग्गा सहित ( ५ बर्षको लागि) | ६७,५०,०००। | ३,३७,५००। | |
| २ | आय/६/ २०८२/०८३ | वडा नं -४ र १२ मा अवस्थित नगर आँप बगैचा जग्गा सहित ( ५ बर्षको लागि) | १,१२,५०,०००। | ५,६२,५००। | |

**शर्तहरु :**

१. प्रथम पटक प्रकाशित भएको मितिले टेण्डर फारमभरी १५ औ दिनसम्म कार्यालय समय भित्र निवेदनसाथ नवीकरण भएको इजाजतपत्र, स्थायी लेखा नम्वर दर्ता भएको प्रमाणपत्र, आ.व. २०८०।०८१ सम्मको कर चुक्ता प्रमाणपत्र प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र फारम दस्तुर बुझाएको नगदी रसिद सहित बोलपत्र फारम खरिद गरी सक्नुपर्नेछ ।

२. बोलपत्र दाखिला गर्दा बोलपत्र जमानत (BID Security) धरौटी बापतको रकम बोल कवोल अंकको ५% रकम यस कार्यालयको एन. आइ. सि. एसिया बैंक, कर्मैया शाखामा रहेको धरौटी खाता नं. ग-३-० ४५CA०५२६३९५५२४०४ मा रकम जम्मा गरेको सक्कलै भौचर वा १२० दिनको म्याद भएको बैंक ग्यारेन्टी गोप्य शिलवन्दी बोलपत्र फारमसँग पेश गर्नु पर्नेछ ।

३. बोल कबोल गरेको रकम स्वीकृत भएको जानकारी पाएको मितिले १५ (पन्ध्र) औं दिन भित्र सम्झौता गर्न उपस्थित हुनुपर्नेछ ।तल तालिकामा उल्लेख भए बमोजिम कुल कबोल अंकबाट नगदै दाखिला गरेको रकम घटाइ बाँकी रकमको हकमा २०८७ को श्रावण मसान्त सम्म म्याद भएको बैंक जमानत पेश गर्नुपर्ने छ। साथै यो व्यवस्था प्रत्येक बर्षको लागि लागु हुनेछ । १० प्रतिशत छुट प्रयोजनको लागि एकमुष्ट रकम जम्मा गरेको हकमा आन्तरिक आय खातामा जम्मा गरी भौचर पेश गर्नुपर्ने छ ।

प्रतीत भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner
CamScanner